बीमा प्रतिबिम्ब

नेपाली बीमा क्षेत्रको मासिक तथ्यांक संस्करण
वर्ष ३ अंक २ २०८३ असोज

पृष्ठभुमी

बीमा क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण स्तम्भ हो, जसले वित्तीय सुरक्षाका साथै दीर्घकालीन लगानी र सामाजिक स्थायित्वमा योगदान पुऱ्याउँछ । नेपालमा यस क्षेत्रको प्रभावकारी नियमन, अनुगमन, तथा विश्लेषणको कार्य नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणले गर्दछ ।

नेपाली बीमा बजारमा आ.व. २०८३/८४ को असोज मसान्तसम्म ३७ वटा बीमा कम्पनी सञ्चालनमा रहेका छन् । कार्य प्रकृतिको आधारमा १४ जीवन बीमा, १४ निर्जीवन बीमा, ७ लघुबीमा (३ जीवन लघुबीमा र ४ निर्जीवन लघुबीमा) र २ पुनर्बीमा कम्पनीले व्यवसाय गर्दै आइरहेका छन् । त्यसैगरी, नेपालको कुल गार्हस्थ्य उत्पादनमा बीमाको योगदान बढ्दो क्रममा रहेको छ । साथै, बीमा ऐन, २०७९ ले निर्देशित गरेको कार्य क्षेत्र भित्र रही प्राधिकरणले आफ्नो काम कारबाही गर्दै आएको छ ।

बीमा क्षेत्रमा मुख्य तथ्यांकहरुको विश्लेषणले बीमा क्षेत्रमा भएको प्रगति, चुनौतीहरू, तथा नीतिगत आवश्यकताहरूको पहिचान गर्न सहयोग पुऱ्याउँछ । यस मासिक तथ्यांक संस्करण मार्फत बीमा पहुँच, बीमकहरूको वित्तीय अवस्था, दाबी, बीमालेख संख्या, बीमाशुल्क संकलन लगायतका प्रमुख सुचकहरुको अध्ययन गरिएको छ ।

यो विश्लेषण बीमा क्षेत्रको पारदर्शिता, जवाफदेहिता, तथा नीतिनिर्माणका लागि आधार हुनेछ साथै, बीमकहरु, नीति निर्माता, अनुसन्धानकर्ता, र आम सर्वसाधरणलाई उपयोगी जानकारी प्रदान गर्ने उद्देश्यले तयार पारिएको छ ।

नेपाली बीमा बजार

आ.व. २०८३/८४ को असोज मसान्तसम्ममा बीमाक्षेत्रको सुचकाङ्कहरुको अवस्था देहाय बमोजिम रहेका छन् ।

१. बीमालेख संख्या

सूचक	२०८२ असोज मसान्तसम्ममा	२०८३ असोज मसान्तसम्ममा	परिवर्तन %
कुल जारी जीवन बीमालेख संख्या	१९,००,८३९	२४,१२,८२७	२६.९३
कुल जारी निर्जीवन बीमालेख संख्या	७,८०,६१३	९,१५,७१७	१७.३१

चालु आ.व २०८३/८४ को असोज मसान्तसम्ममा जीवन र लघुजीवन बीमा कम्पनीहरुबाट २४ लाख १२ हजार ८२७ वटा बीमालेख जारी भएका छन् भने निर्जीवन र लघु निर्जीवन बीमा कम्पनीहरुबाट जम्मा ९ लाख १५ हजार ७१७ वटा बीमालेख जारी भएका छन् जुन गत आ.व.को असोज मसान्तको तुलनामा क्रमशः २६.९३ प्रतिशत र १७.३१ प्रतिशतको वृद्धि हो ।

२. बीमाशुल्क संकलन

रकम रु. लाखमा

सूचक	२०८२ असोज मसान्तसम्ममा	२०८३ असोज मसान्तसम्ममा	परिवर्तन %
प्रथम जीवन बीमाशुल्क संकलन रु.लाखमा	१,०६,६१५.३०	१,३९,२०३.५०	३०.५७
नविकरण जीवन बीमाशुल्क संकलन रु. लाखमा	३,९७,०५८.२७	४,४८,०८९.७०	१२.८५
कुल जीवन बीमाशुल्क संकलन रु.लाखमा	**५,०३,६७३.५७**	**५,८७,२९३.२०**	**१६.६०**
कुल निर्जीवन बीमाशुल्क संकलन रु.लाखमा	**१,२९,२४६.१८**	**१,५७,८८३.११**	**२२.१६**
जम्मा बीमाशुल्क संकलन रु. लाखमा	**६,३२,९१९.७५**	**७,४५,१७६.३२**	**१७.७४**

चालु आ.व २०८३/८४ को असोज मसान्तसम्ममा रु. ७४ अर्ब ५१ करोड ७६ लाख बीमाशुल्क संकलन भएको छ जुन गत आ.व.को असोज मसान्तको तुलनामा १७.७४ प्रतिशत वृद्धि हो । त्यसैगरी, गत आ.व. को असोज मसान्तको तुलनामा चालु आ.व. को असोज मसान्तसम्ममा जीवन तथा लघुजीवन बीमा तर्फ बीमाशुल्क संकलन १६.६० प्रतिशतले वृद्धि भई रु.५८ अर्ब ७२ करोड ९३ लाख रहेको छ भने निर्जीवन तथा लघु निर्जीवन बीमा तर्फ २२.१६ प्रतिशतले वृद्धि भई रु. १५ अर्ब ७८ करोड ८३ लाख बीमाशुल्क संकलन भएको छ ।

३. बीमा दाबी भुक्तानी विवरण

रकम रु. लाखमा

सूचक	२०८२ असोज मसान्तसम्ममा	२०८३ असोज मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमा दाबी भुक्तानी संख्या	५८,८६३	७७,७०९	३२.०२
जीवन बीमा दाबी भुक्तानी रकम	१,१५,७५३.६०	१,५१,०८६.४९	३०.५२
भुक्तानी हुन बाँकी दाबी संख्या *(जीवन)*	५७,३२१	१,२३,४८४	११५.४३
भुक्तानी हुन बाँकी दाबी रकम *(जीवन)*	४९,१०४.३६	९९,१५३.७०	१०१.९२
निर्जीवन बीमा दाबी भुक्तानी संख्या	३२,६१५	४१,३९४	२६.९२
निर्जीवन बीमा दाबी भुक्तानी रकम	५६,४०२.७९	७९,०३३.९३	४०.१२
भुक्तानी हुन बाँकी दाबी संख्या *(निर्जीवन)*	१,१०,२५८	१,१३,०२५	२.५१
भुक्तानी हुन बाँकी दावी रकम *(निर्जीवन)*	५,२२,०४०.७०	६,००,५७०.८२	१५.०४

चालु आ.व २०८३/८४ को असोज मसान्तसम्ममा जीवन बीमकहरुले भुक्तानी गरेको दाबीको संख्या ७७ हजार ७०९ रहेको छ जस अन्तर्गत रु. १५ अर्ब १० करोड ८६ लाख भुक्तानी भएको छ । गत आ.व.को असोज मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्या र रकममा ३२.०२ प्रतिशत र ३०.५२ प्रतिशत वृद्धि भएको देखिन्छ । साथै, १ लाख २३ हजार ४८४ वटा दाबी अन्तर्गत रु. ९ अर्ब ९१ करोड ५४ लाख भुक्तानी हुन बाँकी नै रहेको छ ।

त्यसैगरी, निर्जीवन बीमकहरुबाट चालु आ.व २०८३/८४ को असोज मसान्तसम्ममा कुल ४१ हजार ३९४ वटा दाबी भुक्तानी भएको छ जस अन्तर्गत रु ७ अर्ब ९० करोड ३४ लाख भुक्तानी भएको छ भने, १ लाख १३ हजार २५ वटा दाबी संख्या अन्तर्गत कुल रु ६० अर्ब ५ करोड ७१ लाख भुक्तानी हुन बाँकी रहेको छ । गत आ.व.को असोज मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्या र रकममा क्रमश २६.९२ प्रतिशत र ४०.१२ प्रतिशतले वृद्धि भएको छ ।

४. समर्पण तथा व्यतित विवरण

रकम रु. लाखमा

सूचक	२०८२ असोज मसान्तसम्ममा	२०८३ असोज मसान्तसम्ममा	परिवर्तन %
समर्पण संख्या	२२,९९९	२३,७९५	३.४६
समर्पण रकम	३४,८८५.९३	३८,८९९.२०	११.५०
व्यतित बीमालेखको संख्या	१२,२०,५४८	१०,१६,७१२	(१६.७०)
व्यतित बीमालेखको रकम	३,६७,८६७.९५	३,६१,३१८.५३	(१.७८)

चालु आ.व २०८३/८४ को असोज मसान्तसम्ममा २३ हजार ७९५ वटा जीवन बीमालेख समर्पण भएका छन् जस अन्तर्गत रु ३ अर्ब ८८ करोड ९९ लाख समर्पण रकम रहेको छ। त्यसैगरी, १० लाख १६ हजार ७१२ बीमालेख व्यतित भएका छन् भने व्यतित बीमालेखको रकम रु ३६ अर्ब १३ करोड १९ लाख रहेको छ।

५. बीमकको शाखा कार्यालय तथा कर्मचारीको विवरण

सूचक	२०८२ असोज मसान्तसम्ममा	२०८३ असोज मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या	१,८३९	१,८७२	१.७९
निर्जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या	१,१५८	१,१५४	(०.३५)
बीमा कम्पनीहरुको जम्मा कार्यालय संख्या	**२,९९७**	**३,०२६**	०.९७
जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या	६,०६६	६,२०३	२.२६
निर्जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या	६,२५५	६,३५४	१.५८
बीमा कम्पनीहरुको जम्मा कर्मचारी संख्या	**१२,३२१**	**१२,५५७**	१.९२

चालु आ.व. २०८३/८४ को असोज मसान्तसम्ममा जीवन बीमातर्फ १ हजार ८७२ र निर्जीवन बीमातर्फ १ हजार १५४ गरी जम्मा शाखा संख्या ३ हजार २६ पुगेको छ भने जीवन बीमातर्फ ६ हजार २०३ र निर्जीवन बीमातर्फ ६ हजार ३५४ गरी कुल १२ हजार ५५७ जना कर्मचारी कार्यरत छन्।

६. बीमालेख अनुसार जारी जीवन बीमालेख संख्या

सूचक	२०८२ असोज मसान्तसम्ममा (१)	जारी बीमालेख को हिस्सा प्रतिशत	२०८३ असोज मसान्तसम्म मा (२)	जारी बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक जीवन बीमा	८१,१२५	४.२७	८१,२४५	३.३७	**०.१५**
अग्रिम भुक्तानी सावधिक जीवन बीमा	११,२६५	०.५९	९,६५१	०.४०	**(१४.३३)**
रुपान्तरित सावधिक जीवन बीमा	१२,२८७	०.६५	१५,१८७	०.६३	**२३.६०**
बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा	२७,२०१	१.४३	२८,९४५	१.२०	**६.४१**
वैदेशिक रोजगार म्यादि	२,०९,३६७	११.०१	२,०३,२१२	८.४२	**(२.९४)**
आजिवन जीवन बीमा	१,२६३	०.०७	१,२०३	०.०५	**(४.७५)**
एकल बीमाशुल्क जीवन बीमा	३,३०४	०.१७	४,५७८	०.१९	**३८.५६**
म्यादि जीवन बीमा	२,४५,९७६	१२.९४	१,५८,९००	६.५९	**(३५.४०)**
लघु जीवन बीमा	१३,०७,१०६	६८.७६	१९,०६,७५६	७९.०३	**४५.८८**
अन्य जीवन बीमा	१,९४५	०.१०	३,१५०	०.१३	**६१.९५**
जम्मा	१९,००,८३९	१००.००	२४,१२,८२७	१००.००	**२६.९३**

चालु आ.व. २०८३/८४ को असोज मसान्तसम्ममा जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ७९.०३ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा आजिवन बीमालेखको ०.०५ प्रतिशत रहेको छ। गत आ.व.को असोज मसान्तसम्मको तुलनामा जारी बीमालेखको संख्यामा २६.९३ प्रतिशतले वृद्धि भएको छ।

७. प्रदेश अनुसार जारी जीवन बीमालेख संख्या

प्रदेश	२०८२ असोज मसान्तसम्मा (१)	जारी बीमालेखको हिस्सा प्रतिशत	२०८३ असोज मसान्तसम्मा (२)	जारी बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	२,४६,३३०	१२.९६	११,०१,७०३	४५.६६	**३४७.२५**
मधेश	३३,५२८	१.७६	४२,५३७	१.७६	**२६.८७**
बाग्मती	१३,००,३४९	६८.४१	१०,४९,९७४	४३.५२	**(१९.२५)**
गण्डकी	१,७१,९१७	९.०४	७६,६३३	३.१८	**(५५.४२)**
लुम्बिनी	५३,५२८	२.८२	५६,७३७	२.३५	**५.९९**
कर्णाली	५८,९९९	३.१०	४६,६५६	१.९३	**(२०.९२)**
सुदुरपश्चिम	३६,१८८	१.९०	३८,५८७	१.६०	**६.६३**
जम्मा	१९,००,८३९	१००.००	२४,१२,८२७	१००.००	**२६.९३**

चालु आ.व. २०८३/८४ को असोज मसान्तसम्मा जारी जीवन बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी जारी बीमालेखको हिस्सा कोशी प्रदेशमा ४५.६६ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा सुदुरपश्चिम प्रदेशको १.६० प्रतिशत रहेको छ।

८. जारी निर्जीवन बीमालेख संख्या

निर्जीवन बीमालेख	२०८२ असोज मसान्तसम्मा (१)	जारी बीमालेखको हिस्सा प्रतिशत	२०८३ असोज मसान्तसम्मा (२)	जारी बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सम्पत्ति बीमा	१,२७,१२५	१६.२९	१,२६,३६०	१३.८०	(०.६०)
सामून्द्रिक बीमा	९७,९७६	१२.५५	१,०२,०५२	११.१४	**४.१६**
हवाई बीमा	३६	०.००	९३	०.०१	**१५८.३३**
मोटर बीमा	३,७०,३३९	४७.४४	४,८६,५९६	५३.१४	**३१.३९**
इन्जि. तथा ठे. जो. बीमा	४,१८८	०.५४	५,७३८	०.६३	**३७.०१**
विविध बीमा	३३,६९३	४.३२	४९,४३०	५.४०	**४६.७१**

कृषि तथा बाली बीमा	४५,५८९	५.८४	५८,३७९	६.३८	२८.०६
लघु बीमा	९३,६५८	१२.००	८०,८०७	८.८२	(१३.७२)
दायित्व बीमा	१९४	०.०२	२८५	०.०३	४६.९१
स्वास्थ्य बीमा	७,८१५	१.००	५,९७७	०.६५	(२३.५२)
जम्मा	७,८०,६१३	१००.००	९,१५,७१७	१००.००	१७.३१

चालु आ.व. २०८३/८४ को असोज मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा मोटर बीमाको ५३.१४ प्रतिशत रहेको छ भने सबै भन्दा कम संख्यामा हवाई बीमालेख जारी भएका छन् जस्को हिस्सा ०.०१ प्रतिशत रहेको छ । गत आ.व. को असोज मसान्तसम्मको तुलनामा चालु आ.व.को असोज मसान्तसम्ममा जारी बीमालेख संख्या १७.३१ प्रतिशत वृद्धि भएको छ ।

९. प्रदेश अनुसार जारी निर्जीवन बीमालेख संख्या

प्रदेश	२०८२ असोज मसान्तसम्ममा (१)	बीमालेख को हिस्सा प्रतिशत	२०८३ असोज मसान्तसम्ममा (२)	बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	८९,५४७	११.४७	१,०६,८३०	११.६७	१९.३०
मधेश	७८,४३४	१०.०५	८८,८२५	९.७०	१३.२५
बागमती	३,६७,९३४	४७.१३	४,४६,८८६	४८.८०	२१.४६
गण्डकी	६८,७२१	८.८०	७७,४७७	८.४६	१२.७४
लुम्बिनी	१,२५,८३३	१६.१२	१,३८,४३९	१५.१२	१०.०२
कर्णाली	१३,२२३	१.६९	१६,२०३	१.७७	२२.५४
सुदुरपश्चिम	३६,९२१	४.७३	४१,०५७	४.४८	११.२०
जम्मा	७,८०,६१३	१००.००	९,१५,७१७	१००.००	१७.३१

चालु आ.व. २०८३/८४ को असोज मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गरेको बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४८.८० प्रतिशत रहेको छ सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा १.७७ प्रतिशत रहेको छ ।

१०. बीमालेखका आधारमा जीवन बीमामा कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

जीवन बीमालेख	२०८२ असोज मसान्तसम्ममा (१)	बीमाशुल्कको हिस्सा प्रतिशत	२०८३ असोज मसान्तसम्ममा (२)	बीमाशुल्कको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक	२,१२,९१९.९५	४२.२७	२,६१,२०३.२०	४४.४८	**२२.६८**
अग्रिम भुक्तानी सावधिक	९६,०९७.८५	१९.०८	१,०४,६१९.९०	१७.८१	**८.८७**
रुपान्तरित सावधिक	५७,१९६.४०	११.३६	६४,१६९.४०	१०.९३	**१२.१९**
बालबच्चा सम्बन्धि सावधिक	७९,९११.८०	१५.८७	८५,७३७.०५	१४.६०	**७.२९**
बैदेशिक रोजगार म्यादि	८,९०५.२६	१.७७	८,६५०.४६	१.४७	**(२.८६)**
आजिबन	१२,११६.४२	२.४१	१२,२४६.२०	२.०९	**१.०७**
एकल बीमाशुल्क	१५,३३०.२७	३.०४	२५,७०१.५९	४.३८	**६७.६५**
म्यादि	४,४१९.२६	०.८८	४,०१७.५३	०.६८	**(९.०९)**
लघु	७,७०१.१३	१.५३	११,००८.७५	१.८७	**४२.९५**
अन्य	९,०७५.२१	१.८०	९,९३९.११	१.६९	**९.५२**
जम्मा	५,०३,६७३.५७	१००.००	५,८७,२९३.२०	१००.००	**१६.६०**

चालु आ.व. २०८३/८४ को असोज मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा सावधिक जीवन बीमालेखको ४४.४८ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा म्यादी बीमालेखको ०.६८ प्रतिशत रहेको छ। गत आ.व. को असोज मसान्तसम्मको तुलनामा चालु आ.व.को असोज मसान्तसम्ममा जीवन बीमातर्फ कुल बीमाशुल्क संकलन १६.६० प्रतिशतले वृद्धि भएको छ।

११. प्रदेश अनुसार कुल जीवन बीमाशुल्क संकलन

रकम रु. लाखमा

प्रदेश	२०८२ असोज मसान्तसम्ममा (१)	बीमाशुल्कको हिस्सा प्रतिशत	२०८३ असोज मसान्तसम्ममा (२)	बीमाशुल्कको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	५९,९६८.२७	११.९१	६९,२४८.८४	११.७९	**१५.४८**

मधेश	४३,७५७.८०	८.६९	५१,५९७.३१	८.७९	**१७.९२**
बागमती	२,३२,०१९.१५	४६.०७	२,६८,८५३.२३	४५.७८	**१५.८८**
गण्डकी	५०,४०२.९४	१०.०१	५८,३१९.९४	९.९३	**१५.७१**
लुम्बिनी	७४,३१७.२२	१४.७६	८८,४११.०४	१५.०५	**१८.९६**
कर्णाली	१४,७९०.५३	२.९४	१७,२७६.३४	२.९४	**१६.८१**
सुदुरपश्चिम	२८,४१७.६६	५.६४	३३,५८६.५२	५.७२	**१८.१९**
जम्मा	५,०३,६७३.५७	१००.००	५,८७,२९३.२०	१००.००	**१६.६०**

चालु आ.व. २०८३/८४ को असोज मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४५.७८ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा २.९४ प्रतिशत रहेको छ।

१२.बीमालेख अनुसार निर्जीवन बीमामा कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

निर्जीवन बीमालेख	२०८२ असोज मसान्तसम्ममा (१)	बीमाशुल्क को हिस्सा प्रतिशत	२०८३ असोज मसान्तसम्ममा (२)	बीमाशुल्कको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सम्पत्ति	३५,४७६.२१	२७.४५	३८,७०२.१६	२४.५१	**९.०९**
सामून्द्रिक	७,४०५.९५	५.७३	१२,२६८.७३	७.७७	**६५.६६**
हवाई	५,१६९.३२	४.००	६,९९३.१७	४.४३	**३५.२८**
मोटर	४२,६१९.२४	३२.९८	४८,३२०.७४	३०.६१	**१३.३८**
इन्जि. तथा ठे. जो.	१६,०३६.६९	१२.४१	२३,९८८.१३	१५.१९	**४९.५८**
विविध	९,२६३.६३	७.१७	१३,४२७.४७	८.५०	**४४.९५**
कृषि तथा बाली	४,९९३.६३	३.८६	६,०१२.७६	३.८१	**२०.४१**
लघु	२,७३२.०९	२.११	२,४३६.३९	१.५४	**(१०.८२)**
दायित्व	२०१.४१	०.१६	२९१.९४	०.१८	**४४.९५**
स्वास्थ्य	५,३४८.०१	४.१४	५,४४१.६२	३.४५	**१.७५**
जम्मा	१,२९,२४६.१८	१००.००	१,५७,८८३.११	१००.००	**२२.१६**

चालु आ.व. २०८३/८४ को असोज मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा मोटर बीमालेखको ३०.६१ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा दायित्व बीमालेखको ०.१८ प्रतिशत रहेको छ । गत आ.व. को असोज मसान्तसम्मको तुलनामा चालु आ.व.को असोज मसान्तसम्ममा कुल बीमाशुल्क संकलन २२.१६ प्रतिशतले वृद्धि भएको छ।

१३. प्रदेश अनुसार कुल निर्जीवन बीमाशुल्क संकलन

रकम रु. लाखमा

प्रदेश	२०८२ असोज मसान्तसम्ममा (१)	बीमाशुल्कको हिस्सा प्रतिशत	२०८३ असोज मसान्तसम्ममा (२)	बीमाशुल्कको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	१०,४४३.५९	८.०८	१२,८५४.८०	८.१४	२३.०९
मधेश	८,५२३.९०	६.६०	१०,१९०.७५	६.४५	१९.५६
बागमती	८८,६८१.०६	६८.६१	१,०९,१७७.०८	६९.१५	२३.११
गण्डकी	६,५१०.९४	५.०४	७,६२९.२२	४.८३	१७.१८
लुम्बिनी	११,०४६.६६	८.५५	१३,१५७.२०	८.३३	१९.११
कर्णाली	१,१४१.२९	०.८८	१,२५१.२५	०.७९	९.६३
सुदुरपश्चिम	२,८९८.७४	२.२४	३,६२२.८२	२.२९	२४.९८
जम्मा	१,२९,२४६.१८	१००.००	१,५७,८८३.११	१००.००	२२.१६

चालु आ.व. २०८३/८४ को असोज मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी बीमाशुल्क संकलनको हिस्सा बागमती प्रदेशको ६९.१५ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशको ०.७९ प्रतिशत रहेको छ।

१४. उजुरी दर्ता तथा फछर्यौट

विवरण		आर्थिक वर्ष	
		२०८२/८३	२०८३/८४
गत वर्षको निवेदन बाँकी संख्या		३९४	३१९
यस वर्षको निवेदन संख्या	केन्द्रीय कार्यालयमा	१४९	५४
	प्रदेश कार्यालयमा	५७	२०
	कुल दर्ता	२०६	७४
पुनरावेदनबाट आएका मुद्दाको संख्या		-	-
जम्मा निवेदन		**६००**	**३९३**
फैसला/सहमति भएका मुद्दा संख्या	फैसला	२०४	७५
	सहमति	७७	१९
	जम्मा फछर्यौट	२८१	९४
बाँकी संख्या		**३१९**	**२९९**

चालु आ.व. २०८३/८४ को असोज मसान्तसम्ममा केन्द्रीय कार्यालयमा ५४ र प्रदेश कार्यालयमा २० गरी प्राधिकरणमा कुल दर्ता भएका ७४ वटा उजुरी, गत वर्षको बाँकी ३१९ वटा निवेदन गरी कुल ३९३ वटा उजुरी प्राप्त भएको छ। जसमध्ये ७५ वटा उजुरी मुद्दा फैसलाबाट र १९ वटा उजुरी सहमतीबाट गरी कुल ९४ वटा उजुरी फछर्यौट भएका छन् भने २९९ वटा उजुरी विचाराधिन अवस्थामानै रहेको छ।

तयार:

अनुसन्धान महाशाखा

नेपाल बीमा प्राधिकरण